# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ मितिः २०८०/०९/२६

## भाग -१

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## रामपुर नगरपालिकाको
## स्थानीय युवा परिषद ऐन २०८०

**प्रस्तावनाः**

युवाको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरूको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० को अधिकार प्रयोग गरी रामपुर नगरपालिकाको २०८०/०९/२६ नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय युवा परिषद् ऐन २०८० रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले स्थानीय युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "परिषद्" भन्नाले यस ऐनको दफा ३ बमोजिम स्थापना भएको स्थानीय तहको नगर युवा परिषद् सम्झनुपर्छ ।

(ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरे बमोजिमका व्यक्ति सम्झनुपर्छ ।

(च) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरीबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसंख्यक समुदायका युवा सम्झनुपर्छ ।

(छ) "सदस्य" भन्नाले स्थानीय युवापरिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य—सचिव समेतलाई जनाउँछ ।

(ज) "क्लब" भन्नाले यस ऐन वा यस ऐन अनुसार बन्ने नियमबमोजिम गठन हुने स्थानीय तहको हरेक वडामा गठन हुने १६ देखि २४ वर्ष उमेर समूहका युवाहरू सम्मिलित युवा क्लबलाई जनाउँछ ।

(झ) यो ऐन रामपुर नगरपालिकाको क्षेत्राधिकारभित्र लागू हुनेछ ।

## परिच्छेद २
## परिषद्को स्थापना

**३. परिषद्को स्थापनाः-**

(१) प्रस्तावनामा उल्लिखित कार्यहरु समेतका लागि नगरपालिकामा एक नगर युवा परिषद् स्थापना गरिनेछ ।

(२) नगर युवा परिषद्को कार्यालय नगरपालिकाको कार्यालयमा रहनेछ ।

**४. परिषद् संगठित संस्था हुनेः**

(१) परिषद् एक संगठित संस्था हुनेछ ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति तथा क्लब र अन्य संघसंस्थाहरुसँग कार्य सम्झौता गरी कार्य सम्पादन गर्न सक्नेछ ।

## परिच्छेद —३
## स्थानीय युवा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**५. परिषद्को गठनः-** (१) स्थानीय युवा परिषद्को गठन देहायबमोजिम हुनेछ

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | — अध्यक्ष |
| (ख) स्थानीय सरकारले मनोनयन गरेको युवा | — उपाध्यक्ष |
| (ग) युवा विकासको क्षेत्रमा योगदान गरेका मध्ये परिषद्ले मनोनित गरेको एकजना महिलासमेत दुई जना युवा | — सदस्य |
| (घ) वडास्तरीय युवाक्लबका अध्यक्षहरू मध्येबाट परिषद्ले मनोनित गरेको एकजना महिलासमेत दुई जना | — सदस्य |
| (ङ) विशेष समुदायबाट परिषद्ले मनोनयन गरेको युवा एक जना | — सदस्य |
| (च) सामाजिक विकास शाखा प्रमुख | — सदस्य |
| (छ) योजना शाखा प्रमुख | — सदस्य |
| (ज) कृषि शाखा प्रमुख | — सदस्य |
| (झ) स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | — सदस्य सचिव |

(२) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(३) यस ऐनको उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा स्थानीय सरकारले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरी नेछैन ।

(५) ऐनको दफा (५) को उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नुपर्नेछ ।

(६) स्थानीय नगर युवा परिषद् मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्नेछ नपाइएमा आधारभूत शिक्षा उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।

**६.परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ख) स्थानीय सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वंयमसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई स्थानीय तह तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च) परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

(ज) स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन गर्ने

(झ) स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने,

(ट) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## ७. परिषद्को बैठक र निर्णय

(१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यत तीन महिना भन्दा बढी हुने छैन ।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य—सचिवले सदस्यहरूलाई दिनेछ ।

(४) परिषद् तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४
## नगर युवा सञ्जाल गठन तथा काम, कर्तव्य र अधिकार

### ८. सञ्जालको गठनः

१) परिषद्को कामकाजलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि एक नगर युवा सञ्जाल गठन गरिनेछ ।

२) नगर युवा सञ्जालको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) परिषद्को उपाध्यक्ष | अध्यक्ष |
| ख) नगर कार्यपालिकाले मनोनित गरेको एक जना उद्यमी युवा | सदस्य |
| ग) परिषद्का सदस्यहरु मध्येबाट परिषद्ले मनोनित गरेका एक जना महिला सहित दुई जना युवा | सदस्य |
| घ) युवा परिषद्को सदस्य सचिव | सदस्य—सचिव |

३) मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

### ९. सञ्जालको बैठक र निर्णयः

१) सञ्जालको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा सञ्जालको बैठक बस्नेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले सञ्जालका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा सञ्जालको बैठक बस्नेछ ।

४) सञ्जालको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

५) सञ्जालको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

६) बैठकको अध्यक्षता सञ्जालको अध्यक्षले र निजको अनुपस्थितिमा सञ्जालका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) बैठकमा बहुमत सदस्यको राय मान्य हुनेछ, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई आवश्यकता अनुसार सञ्जालको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) बैठकको निर्णय सदस्यसचिवले प्रमाणित गरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।

**१०. सञ्जालको काम, कर्तव्य र अधिकारः**

नगर युवा सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

ख) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ग) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने ।

घ) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

ङ) परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्न सहयोग गर्ने।

च) नगरस्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवा अधिकार, बाल अधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रममा सहयोग गर्ने ।

छ) नगरस्तरमा लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना मुलक अभियानहरुमा सक्रियता पूर्वक सहभागी हुने ।

ज) नगरमा हुने प्राकृतिक प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा नगरपालिका, युवा परिषद् तथा वडास्तरीय युवा क्लबसँग समन्वय सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

झ) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद्, नगर युवा परिषद् र अन्य क्लबहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

ञ) नगर स्तरमा युवाको तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

ट) सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन तथा सुशासन प्रवर्द्धनमा मद्दत गर्ने ।

ठ) नगरपालिका र परिषद्ले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद— ५

## युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

**११. युवा क्लबको गठन**

(१) पालिका अन्तरगतका प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्षको वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा एक वडा स्तरीय युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवा क्लबमा सम्बन्धित वडामा स्थायी रुपमा बसोबास गर्ने १६ देखि २४ उमेर समुहका सम्पूर्ण युवाहरु युवा क्लबका साधारण सदस्य हुन सक्नेछन् । क्लबको सदस्यता लिन चहाने युवाले उमेर र ठेगाना खुलेको प्रमाण सहित सम्बन्धित वडा

समितिको सचिवालयमा नाम दर्ता गराउनु पर्नेछ । २४ वर्ष उमेर पुरा भएको युवा क्लबको साधारण सदस्य तथा अन्य पदाधिकारी रहने छैन ।

(३) युवा क्लबको कार्य समितिमा सम्बन्धित वडामा स्थायी रुपले बसोवास गर्ने विभिन्न क्षेत्रका युवाहरुको (मेधावी विद्यार्थी, कलाकार, उद्यमी, खेलाडी, पत्रकार भेलाले समावेशी क्षेत्रका आधारमा अध्यक्ष, सचिव र कोषध्यक्ष रहने गरी ९ सदस्यीय वडा स्तरीय युवा क्लब गठन हुनेछ ।

४) उपदफा ३ बमोजिम गठित युवा क्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुने छ ।

५) वडा स्तरीय युवा क्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा हुनेछ ।

६) युवाक्लबले गरेका कार्यहरुको रेखदेख, अनुगमन तथा मुल्याङकन सम्बन्धित वडाले गर्न सक्नेछ।

(७) वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु युवा क्लबको कर्तव्य हुनेछ ।

**१२. युवा क्लबको काम, कर्तव्य र अधिकारः**

१) सम्बन्धित वडामा बसोवास गर्ने युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

२) वडाका अन्य युवा क्लबसँग समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रम गर्ने ।

३) वडा स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

४) वडाभित्र लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना मुलक अभियानहरुमा सक्रियतापूर्वक सहभागी भई कार्यक्रम सञ्चालन गर्ने ।

५) वडाभित्र हुने प्राकृतिक प्रकोपको व्यवस्थापन तथा विपद्का बेला वडा समितिसँग समन्वय र सहकार्य गरी समुदायका युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

६) प्रत्येक युवा क्लबले वडासमितिको समन्वय र सहकार्य गरी युवाको सहभागितामा उद्यम विकास तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने,

७) वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यावस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

८) परिषद् तथा नगर युवा संजालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

९) आफ्नो टोल समुदायमा भए गरेका विकास निर्माण कार्यमा लापरवाही भएमा खबरदारी गर्ने साथै सम्बन्धित निकायमा उजुरी गर्ने ।

**१३. वडास्तरीय युवा क्लबको बैठक सम्बन्धी व्यवस्थाः**

(१) युवाक्लबको बैठकको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ ।

(२) कुल पदाधिकारी संख्याको ५० प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठक महिनामा एक पटक बस्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।

(४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद — ६
## परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

**१४. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्नेः**

१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका नगरपालिका क्षेत्र भित्रका र नगर भित्र काम गर्न चाहने संघ संस्था परिषद्मा आबद्ध हुन सक्नेछ ।

२) आवद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद् समक्ष निवेदन दिनुपर्नेछ ।

३) उपनियम (२) बमोजिम निवेदन दिने संघ संस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषद्ले रु. १,००० (अक्षरुपी एक हजार) दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आवद्धता प्रदान गर्न सक्नेछ ।

४) उपनियम (३) बमोजिम आवद्ध भएका संघ संस्थाले प्रत्येक १ वर्षमा रु ५००।— (अक्षरुपी पाँच सय) दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

५) उपनियम (३) बमोजिम परिषद्सँग आवद्ध भएका संघ संस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

६) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, लगातार दुई आर्थिक वर्षसम्म आबद्धता नविकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आवद्धता रद्द गर्न सकिनेछ ।

(७) नगरपालिका भित्रका युवा सम्बन्धी कार्य गर्ने वा गर्न चाहने कुनै संघ संस्था तथा निकायले आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषद्को पुर्व स्वीकृति लिनुपर्नेछ ।

**१५. कार्यक्रम सञ्चालन गर्न सक्नेः**

१) दफा १४ बमोजिम परिषद्सँग आवद्ध भएका युवा क्लब वा संघ, संस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षण गर्न खेलकुद लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ७
## उपाध्यक्ष तथा कर्मचारी सम्बन्धी व्यवस्थाः

**१६. उपाध्यक्ष सम्बन्धी व्यवस्थाः**

१) नगर युवा परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषद्को उपाध्यक्षलाई जिम्मेवारी प्रदान गरी नेछ।

(२) उपाध्यक्षले कार्यपालिकाको निर्णय अनुसार मासिक तलब र बैठक भत्ता पाउनेछ ।

३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदिय जिम्मेवारी पुरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्‍याएम कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

५) उपनियम (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**१७. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(ख) परिषद्को वार्षिक योजना तथा कार्यक्रम तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१८. कर्मचारी खटाउन सक्ने**

(१) परिषद्को कार्यसञ्चालनलाई सम्पादन नगर कार्यपालिकाको निर्णयानुसार आवश्यक कर्मचारी खटाउन सक्नेछ ।

## परिच्छेद — ८

## परिषद्को कोष, सचिवालय तथा लेखा व्यवस्थापन

**१९. परिषद्को कोषः**

(१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछनः

क) संघ, प्रदेश र नरपालिकाबाट प्राप्त अनुदान रकम,

ख) विभिन्न चन्दादाता व्यक्ति, संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

ग) विदेशी दातृ निकाय, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) युवा सम्बन्धी संघ संस्थालाई आवद्धता तथा नवीकरण गर्दा प्राप्त रकम,

ङ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

४) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको बैंकमा उपाध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखत बैंक खाता संचालन हुनेछ ।

**२०. परिषद्को सचिवालयः-** (१) स्थानीय तहका लागि संघीय सरकारबाट स्वीकृत संगठन संरचना अनुसार युवा सम्बन्धी विषय हेर्ने एकाइले परिषद्को सचिवालयको काम गर्नेछ ।

**२१. लेखा र लेखापरीक्षणः-** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा र लेखा परीक्षण स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ ।

## परिच्छेद—९
## विविध

**२२. भाग लिन नहुनेः-** परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**२३. कार्यदल गठन गर्नसक्नेः-** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो कार्यदल गठन गर्दाका बखत परिषद्ले तोकेबमोजिम हुनेछ ।

**२४. बैठक भत्ता तथा खाजा खर्चः-** (१) परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, तथा दफा ११ बमोजिमको कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत स्थानीय सरकारको आर्थिक कार्यविधि बमोजिम बैठक भत्ता तथा खाजा खर्च पाउनेछन् ।

**२५. वार्षिक प्रतिवेदनः** (१) परिषद्बाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र स्थानीय कार्यपालिका र जिल्ला युवा समन्वय एकाइ समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौती तथा सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्नेछ ।

**२६. निर्देशन दिन सक्नेः-** (१) स्थानीय सरकार र जिल्ला युवा समन्वय एकाइले परिषद्को काम कारबाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्नसक्नेछन् ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

**२७. अधिकार प्रत्यायोजनः-** (१) परिषद्ले यो ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य—सचिवलाई प्रत्यायोजन गर्नसक्नेछ ।

**२८. सपथ ग्रहणः-** परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ३ बमोजिम सपथ ग्रहण गर्नुपर्नेछ ।

**२९. सहयोग गर्नुपर्ने:** परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**३०. परिषद्को विघटन:** (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा स्थानीय सरकारले जुनसुकै बखत परिषद् विघटन गर्नसक्नेछ ।

**३१. सम्पर्क राख्ने:** परिषद्ले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा स्थानीय सरकार मार्फत् राख्नुपर्नेछ ।

**३२. विनियम बनाउने अधिकार:** (१) यो ऐनको अधीनमा रही परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा परिषद्ले कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

**३३. मान्य हुने:** (१) यस अघि गठन भएका युवा क्लब र नगर युवा सञ्जाल यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**३४. संशोधन गर्न सकिने:** यो कार्यविधि कार्यन्वयनका क्रममा कुनै बाधा अड्काउ भएमा परिषद्को बहुमत सदस्यहरुको निर्णय सहित आवश्यक संशोधनका लागि नगर कार्यपालिकाको बैठकमा सिफारिस गर्नु पर्नेछ । उक्त प्रस्ताव आवश्यक ठानेमा नगर कार्यपालिकाले संशोधन गर्नेछ, यदि फिर्ता गर्नु पर्ने भएमा रायसहित परिषद्मा फिर्ता पठाउनेछ ।

**अनुसूची (१)**

संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा ऐनको परिच्छेद ४ दफा ८ (२) सँग सम्बन्धित

मितिः ...................

श्री ................................ज्यू
श्री स्थानीय युवा परिषद्को कार्यालय,
रामपुर नगरपालिका

विषयः आबद्ध हुन पाऊँ ।

स्थानीय युवा परिषद् ऐन २०८० को दफा ८ को उपदफा (२) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने सर्तको पालना गर्न मञ्जुर छु ।

१. संस्थाको नाम ........................................

२. संस्थाको ठेगाना (क) गाउँः ................................................. .............. (ख) जिल्लाः ...................... ........... (ग) फोन नम्बरः ............................ (घ) फ्याक्स नं. ........................................ (ङ) इमेलः ................................................ (च) वेभसाइटः .......................... ................... ....................

३. संस्थाको उद्देश्यः

(क)

(ख)

(ग)

(घ)

४. संस्थाको नवीकरण बहाल रहने अवधिः

५. संस्थाका पदाधिकारीहरूको नाम र ठेगानाः

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. संलग्न कागजातहरूः

(क) संस्था दर्ताको प्रमाणपत्रः

(ख) निवेदक संस्थाको विधानको प्रतिलिपिः

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनः

(घ) संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि

संस्थाको छापः

निवेदककोः
नाम, थरः
ठेगानाः
दस्तखतः
पदः
संस्थाको नामः
ठेगानाः

## अनुसूची (२)

संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा ऐनको परिच्छेद ४ दफा ८ (४) सँग सम्बन्धित परिषद्सँग आवद्धताको प्रमाणपत्रको ढाँचा

परिषद्सँग आवद्ध हुन पाऊँ भनी .................................................. (संस्थाको नाम र ठेगाना) ले मिति ................................ मा दिएको निवेदन उपर कारबाही हुदाँ परिषद्को मिति .................. ........ को निर्णयानुसार त्यस संघ वा संस्थालाई स्थानीय युवा परिषद् ऐन, २०८० को ऐन ८ को उपदफा (४) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाण—पत्र प्रदान गरिएको छ ।

१. आवद्धता नम्बरः

२ आवद्धता कायम रहने अवधिः यो आवद्धताको नवीकरण गराएको अवस्थामा बाहेक मिति ....................... सम्म कायम रहनेछ ।

प्रमाण-पत्र प्रदान गर्ने अधिकारीको परिषद्को छाप

नाम, थर

पदः

मितिः

प्रमाण—पत्रको पछाडी पट्टि नवीकरणसम्बन्धी विवरणः

| क्र.सं. | नवीकरण गर्ने कर्मचारीको नाम थर | दर्जा | दस्तखत | प्रमाण पत्र प्रदान गरीएको मिति | अवधी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

संस्थाको छापः

## अनुसूची ३
## (ऐनको दफा १७ सँग सम्बन्धित)

पद तथा गोपनीयताको सपथ

म.................................................. (सपथ लिने व्यक्तिको नाम) .................................. मुलक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताका नाममा सपथ लिन्छु कि रामपुर नगरपालिका स्थानीय युवा परिषद्को ................................ पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद्प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

| सपथ ग्रहण गर्नेकोः | सपथ ग्रहण गरेको प्रमाणित गराउनेकोः |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |
| कार्यालयः | |

आज्ञाले
सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत